**मिति २०७७ फागुन ११ गते (वि.सं. २०७७।११।११) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १००औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

दाङ्ग जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. १५धमकापुर बस्ने रोहित कुमार चौधरी समेत बिरुद्ध तुलसीपुर उपमहानगरपालिका ,तुलसीपुर दाङ्ग भएको श्री उच्च अदालत तुलसीपुर दाङ्गबाट मिति २०७७।११।०७ गते म्याद तामेल भएको मुद्धा नं. ०७७-Wo-००३५ मा श्री तुलसीपुर उपमहानगरपालिका, नगरप्रमुख श्री घनश्याम पाण्डे र १ देखि १९ वटा वडा कार्यालय समेतको प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयमा कानुनी मामिला शाखामा कार्यरत कानुन अधिकृत श्री आँचल बगालेलाई प्रतिनिधि तोक्ने साथै १ देखि १९ वडा समेतको मुद्धाको बहश पैरवी तथा प्रतिरक्षाका लागि तुलसीपुर उपमहानगरपालिकाका कानुनी सल्लाहकार बिद्धान अधिबक्ता श्री बामदेश शर्मालाई तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाका १ देखि १९ वटा वडामा बिकास निर्माण,कर प्रयोजन तथा भूमि व्यवस्थाका लागि शहरी क्षेत्र, ग्रामिण क्षेत्र र शहर उन्मुख क्षेत्र तोक्ने सम्बन्धमा मिति २०७७।११।८ गते बसेको नगरकार्यपालिकाको निर्णय बमोजिम यस कार्यालयबाट च.नं. ३६९४ मिति २०७७।११।९ गते पत्राचार भएको पत्र बमोजिम वडा कार्यालयले सबै वडाका सरोकारवालाहरु संग ब्यपाक छलफल गरी क्षेत्र निर्धारण गरी एक हप्ता भित्र नगरकार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संलन कार्य सम्पन्न पश्चात प्राप्त फारामहरुको रुजु गर्न १ देखि १९ वटा वडामा वडा सचिवलाई अख्तीयारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाका १ देखि १९ वटा वडामा बिकास निर्माण,कर प्रयोजन तथा भूमि व्यवस्थाका लागि जग्गा बर्गिकरण सबै वडाका सरोकारवालाहरु संग ब्यपाक छलफल गरी एक हप्ता भित्र बर्गिकरणको बिवरण कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ मा योजना, आयोजना तथा कार्यक्रमका लागि बिनियोजित कार्यक्रम र बजेटमा Covid 19 का कारण समयमै उक्त योजना,आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्न सम्भव नभएको र नगरबासीहरुबाट योजना तथा कार्यक्रमको ज्यादै माग भएकोले प्राथमिकिकरणका आधारमा तपसिलका शिर्षकका योजना तथा कार्यक्रमको बजेट तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

**तपसिल**

क)नगरस्तरीय योजनाका लागि आन्तरिक ऋण श्रोत तर्फ बिनियोजित भएको बजेट रु ७४,४०,०००( चौहत्तर लाख चालिस हजार मात्र) लाई आन्तरिक श्रोत तर्फ श्रोतान्तर गर्ने ।





नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ फागुन ११ गते (वि.सं. २०७७।११।११) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १००औं बैठकका निर्णयहरु :**

ख) खर्च शिर्षक नं.२८९११ भैपरी खर्च चालु तर्फ बिनियोजित भएको रकम रु २०००००। (बीसलाख मात्र) लागत सहभागिता नगरस्तरीय योजनाको ३११५९ अन्य सार्बजनिक निर्माण खर्च शिर्षकमा रकमान्तर गरी कार्यान्वयन गर्ने ।

ग) खर्च शिर्षक नं.३११५१ भैपरी खर्च पुजिगत तर्फ बिनियोजित भएको रकम रु २०००००। (बीसलाख मात्र) लागत सहभागिता नगरस्तरीय योजनाको ३११५९ अन्य सार्बजनिक निर्माण खर्च शिर्षकमा रकमान्तर गरी कार्यान्वयन गर्ने ।

घ) यस तुलसीपुर उपमहानगरपालिमा चालु आर्थिक बर्षमा बिनियोजित नगरस्तरीय र वडागत बजेट तथा कार्यक्रमहरु Covid 19 का कारण तोकिएको समय सिमा भित्र सम्पन्न गर्न सम्भव नदेखिएको तथा प्राप्त उपलब्धी हासिल गर्न नसक्ने प्रकृतिका योजना तथा बजेटहरु चालु बाट चालु,पुजिगत बाट पुजिगत र चालुबाट बाट पुंजिगत तर्फ रकमान्तर तथा शिर्षकान्तर गरी कार्यान्वियन गर्ने । साथै सबै वडाले रकमान्तर र शिर्षकान्तर गर्नु पर्ने योजनाहरु वडापालिकाको बैठकबाट पारित गराई कार्यपालिका बैठकमा पेश गर्ने ।

**निर्णय नं. ६**

यस उपमहानगरपालिकाबाट जम्मा गर्ने सबै प्रकारका कर रकमहरु IPS प्रणाली मार्फत राजश्व जम्मा गर्ने र सोमा लाग्ने शुल्क रकम भुक्तानी प्राप्त कर्ताले पाउने रकमबाट कट्टी हुने गरी कार्य गर्ने व्यवस्था गर्ने निर्णय गरियो । साथैं तुलसीपुर उपमहानगरपालिकाको सबै प्रकारको भुक्तानीलाई अनलाई प्रकृयाबाट सञ्चालन गर्न नेपाराष्ट्र बैंक बाट मान्यता प्राप्त कम्पनी वा फर्महरुको आवेदन प्राप्त गरी प्रकृया सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

श्री अख्तीयार अनुसन्धान आयोगबाट यस तुलसीपुर उपमहानगरपालिकामा प्राप्त पत्रहरु कार्यान्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपहानगरपालिकामा महालेखा परिक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदन उपर लेखा समिति,लेखा अधिकृत र आलेप प्रमुखले अध्ययन बिश्लेषण गरी कार्यपालिका बठैकमा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०७७ फागुन ११ गते (वि.सं. २०७७।११।११) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १००औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ९**

हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. १७ को साबिक मानपुर ८ बघौसी, सुनडबरी,झिगै,बगलरी,सडकको योजना आर्थिक बर्ष २०७३/०७४ मा जि.स.स. आन्तरिक श्रोतबाट संझौता भएको तर संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट जि.स.स.को सम्पूर्ण खाता रोक्का भएकोले भुक्तानीहुन बांकी रकम प्राबिधिकको बिल भरपाई बमोजिम नगरस्तरीय बजेटबाट उक्त अधुरो योजनाको रकम रु. ३,८८,०००।(तीनलाख अठासी हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस तुलसीपुर उपमहानगरपालिकामा प्राबिधिक तहमा कार्यरत कर्मचारीहरुले थप उच्च तहको प्राबिधिक शिक्षा हासिल गर्ने मनसाय भएमा कार्यालयको काममा कुनै प्रकारको असर र प्रभाव नपर्ने तथा कार्यालयलाई कुनै पनि प्रकारको थप आर्थिक ब्ययभार नपर्ने गरी प्राबिधिक शिक्षा अध्ययन गर्न पठाउदा कर्मचारीको मनोबल तथा शैक्षिक ज्ञानमा अभिबृद्धि भई कार्यालयको सेवा प्रभावकारी तथा गुणस्तरीय बन्ने देखिएकोले सम्बन्धीत कर्मचारीहरुबाट निवेदन प्राप्त भएमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिकाका भित्रका नगरबासीहरुले बैदेशिक प्रयोजन तथा अन्य प्रयोजनका लागि सम्पत्ति मुल्याङ्कन बढाई काम गरीरहेको र हाल आएर बढि भएको मुल्याङ्कन घटाईपाउ भनि निवेदन दिएकोले तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम ३ बर्ष पछि निजको मुल्याङ्कन घटाई समायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

आर्थिक बर्ष २०७६/०७७ को ठेक्का नं. ३ बसपार्कका ५२ सटरकोठा र ठेक्का नं. ५ बसपार्कको टर्मिनल भवन को ठेकेदार बुढाथोकी ट्रेड एण्ड सप्लायर्स घनगढि ४ कैलालीले हाल सम्म पनि आ.ब. २०७७/०७८ को ठेक्का नबिकरण नगरेकोले निजलाई Covid को समयमा दिईएको छुट बाहेक अरु कुनै प्रकारको छुट नदिई १ महिना भित्र ठेक्का नबिकरणका लागि सूचना गर्ने तोकिएको समय सिमा भित्र ठेक्का नबिकरण गर्न नआएमा ठेक्का रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

आर्थिक बर्ष २०७७/०७८ को ठेक्का नं. २ बधशाला,आलुमण्डी,साझाबजार र कार्यालय भवन अगाडिको सटरको बोलपत्र लगाएतको बिषयमा आर्थिक समितिले अध्ययन बिश्लेषण गरी सोको प्रतिवेन कार्यपालिका बैठकमा पेश गर्न आर्थिक समितिका संयोजक श्री माधव वलीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३





नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ फागुन ११ गते (वि.सं. २०७७।११।११) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १००औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिकाबाट सञ्चालनमा रहेका योजना आयोजनाहरु तथा राष्ट्रीय गौरवका योजनाहरुमा नदिजन्य पदार्थको आवश्यक्ता पर्ने र हाल सम्म उपमहानगरपालिकाले IEE सम्पन्न पश्चात मात्र नदिजन्य पदार्थको उत्खनन गरिरहेकोले पुनं सोको लागि तुलसीपुर उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यबिधि २०७७ को परिच्छेद ५को दफा १४ बमोजिम तपसिलको IEE पुनरावलोकन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. श्री अनन्त कुमार गौतम(अधिकृत योजना तथा बजेट महाशाखा)
२.श्री भोजराज न्यौपाने(आयोजना तथा कार्यक्रम बिज्ञ)
३.श्री ओम प्रकाश भट्ट (वातावरण तथा हरियाली शाखा)

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिकाको मिति २०७७।७।२६ गते प्रथम पटक प्रकाशित सूचना बमोजिम बिभिन्न सडक पुर्वाधारहरुको लागि IEE गर्न संभौताको क्रममा रहेको तर परामर्शदाताले सडक पुर्वाधारहरुको IEE गर्न DPR आवश्यक पर्ने पनि पत्राचार समेत गरेको हुदा सूचनामा जनिएका सबै सडक पुर्वाधारहरुको नगरस्तरीय बजेटबाट रकम उपलब्ध गगराई DPR गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ मा सञ्चालित राप्ती लाईफ केयर हस्पीटलले आ.ब. २०७६/०७७ को बहाल कर छुट गर्न निवेदन दिएको र सो सम्बन्धमा ७ नं वडा कार्यालयले समेत बहालकर छुटका लागि सिफारिस गरेकोले Covid 19 को महामारीका क्रममा हस्पीटलले आईसोलेसन र क्वारेन्टीन निर्माणका लागि निशुल्क रुपमा भवन उपलब्ध गराई उच्च योगदान गरेकोले उक्त हस्पीटलको आर्थिक बर्ष २०७६/०७७ को बहाल कर वापतको रु १,५९,४५०।(एकलाख उन्साठी हजार चारसय पचास मात्र) मा ५० प्रतिशत छुट दिने र निजको जरीवाना वापतको रु ३१८९०। लाई मिनाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

तुलसीपुर उपमहानगरपालिका सहकारी शाखाको आ.ब. २०७७/०७८ को योजना/आयोजना कार्यक्रम निर्देशिका ,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

तुलसीपुर उपमहानगरपालिका पर्यटन तथा संस्कृती पवर्द्धन शाखा अन्तरगतका योजना/आयोजना संचालन निर्देशिका,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।



प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७७ फागुन ११ गते (वि.सं. २०७७।११।११) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १००औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १९**

तुलसीपुर उपमहानगरपालिका कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलता बिकास कार्यक्रम संचालन निर्देशिका,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

तुलसीपुर उपमहानगरपालिका कृषि बिकास शाखाको आ.ब. २०७७/०७८ को संघीय सरकारको शर्शत अनुदान कार्यक्रम अनुसार मिति २०७७।८।१५ गतेको प्रकासित सूचना बमोजिम पेश हुन आएको आवेदन हरु मध्येबाट पकेट बिकास कार्यक्रम संचालनका लागि तपसिल बमोजिमका आवेदकहरु छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | समुह,सहकारी,पर्मको नाम | ठेगाना | वाली |
|---|---|---|---|
| १ | श्री कर्मसिल बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म | तुलसीपुर ७ | प्लास्टीक टनेलमा तरकारी |
| २ | श्री क्षत्रेश्वरी बहुउद्देश्यीय कृषि फर्म | तुलसीपुर १२ | तरकारी |
| ३ | श्री निमुवा हरित कृषक समुह | तुलसीपुर१७ | फलपलूल(मेवा) |
| ४ | श्री गंगामाला लघुउद्यमी च्याउ खेती | तुलसीपुर ६ | च्याउ |
| ५ | श्री जय दुर्गा तरकारी तथा च्याउ उद्योग | तुलसीपुर ४ | च्याउ |
| ६ | श्री बहुउद्देश्यीय कृषि फर्म | तुलसीपुर १२ | च्याउ |
| ७ | श्री प्रकाश च्याउ खेती उद्योग | ,, | च्याउ |
| ८ | श्री सिद्धिबिनाएक मौरी फर्म | तुलसीपुर १९ | मौरी |
| ९ | श्री दुर्गायज्ञ टेक्नीकल कन्सलटेन्सी | तुलसीपुर १२ | च्याउ |
| १० | श्री उर्भर कृषि सहकारी | तुलसीपुर १९ | फलफूल(कागती) |

**निर्णय नं. २१**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेका सहायक स्तर चौथो र पांचौ तहका दरबन्दीहरुको माग आकृती फाराम लुम्बिनी प्रदेश लोकसेवा आयोगबाट माग भई आएकोमा मिति २०७६।२।१५ गतेको संघीय लोकसेवा आयोगको बिज्ञापनमा बढुवाको लागि निर्धारण गरिएको पदहरुलाई नै कायम राखी लुम्बिनी प्रदेश लोकसेवा आयोगमा अध्यावधिक बिवरणको जानकारी पठाउने साथै यस उपमहानगरपालिको O&M सर्भे नभए सम्मका लागि थप कर्मचारी माग नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम गाईको साना व्यवसायी कृषि उत्पादन केन्द्र(पकेट) बिकास कार्यक्रमका लागि गरिएको मिति २०७७।८।१५ को १५ दिने सूचना बमोजिम सहकारीका लागि श्री दिब्यज्योती दुध उत्पादक सहकारी संस्था लि. वडा नं. १८



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ फागुन ११ गते (वि.सं. २०७७।११।११) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १००औं बैठकका निर्णयहरु :**

बिजौरीले मात्र सहकार्य प्रस्ताव पेश गरेकोमा उक्त सहकारी संस्थालाई कार्यक्रम संचालन प्राबिधिक समितिले निर्णय गरी पेश गरेकोले स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

तुलसीपुर उपमहानगरपालिका स्थानीय विपद जोखिम न्यूनिकरण रणनीति २०२०-२०३० पारित गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

ा. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख